मिति २०७७।०१।२७ गतेको ५२ औं गाउँ कार्यपालिकाका प्रस्ताव तथा निर्णयहरु ।

**प्रस्तावहरु :**

१. गाउँ कार्यपालिकाको ५१ औं बैठकको समिक्षा सम्वन्धमा ।
२. कोभिड १९ संक्रमण व्यवस्थापन सम्वन्धमा ।
३. आ.व २०७८।०७९ को लागि वडागत योजना छनौट गरि प्रदेशमा पठाउने सम्वन्धमा ।
४. आ.व २०७८।०७९ को लागि प्रदेशमा समपूरक योजनाको प्रस्ताव पेश गर्ने सम्वन्धमा।
५. अनुगमन प्रतिवेदन सम्वन्धमा ।
६. आ.व २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्वन्धमा ।
७. गाउँपालिका भित्रका पर्यटकीय क्षेत्र तोक्ने सम्वन्धमा ।
८. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगतका योजना थप गर्ने सम्वन्धमा ।
९. योजना अनुगमन सम्वन्धमा ।
१०. विविध

**निर्णयहरु :**

**निर्णय नं १ :**

- ५१ औं कार्यपालिका बैठकको निर्णय कार्यान्वयनका विषयमा समिक्षा गरियो र कार्यान्वयन नभएका निर्णयहरु कार्यान्वयनको लागि सम्वन्धित शाखा र वडा कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।
- खलंगा प्राथमिक स्वास्थ्य केन्द्रलाई १५ शैयाको आधारभुत अस्पतालमा स्तरोन्नती गर्न Drawing स्वीकृतीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाईकोमा मिति २०७८।१।२७ मा गाउँपालिकाले टेन्डर प्रक्रिया अगाडी बढाउनु भनी इमेल प्राप्त भएको साथै जग्गाको विषयमा जग्गाधनी श्री विश्वनाथ श्रेष्ठले वर्तमान समयमा लकडाउन र कोभिड १९ का कारण जग्गा रजिष्ट्रेसन गर्न आउन नसक्ने भनि मिति २०७७।०१।१७ गते प्यूठान जिल्ला खलंगा वस्ने बर्ष ५१ को सन्तोष श्रेष्ठ र प्यूठान जिल्ला खलंगा वस्ने जगन्नाथ श्रेष्ठको रोहवरमा १५ शैयाको आधारभुत अस्पताल निर्माणको लागि जग्गा निशुल्क दिन मञ्जुर रहेको र टेन्डर प्रक्रियामा जान मञ्जुरी भएको तथा सो कार्यमा कुनै अवरोध नगर्ने भनि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण थापा ज्यू को नाममा मन्जुरीनामा दिएकोले उक्त कार्यको लागि टेन्डर प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।
- कोभिडका कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापनको लागि शव व्यवस्थापन क्षेत्र तोकी पठाउन वडा कार्यालयहरुमा पत्राचार गरिएकोमा विवरण प्राप्त नभएकोले विवरण उपलब्ध गराउन पुनः निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं २ :** हाल कोभिड १९ को संक्रमण तिव्र रुपमा फैलिरहेको अवस्थामा जिल्ला बाहिरका विभिन्न स्थानवाट आउने व्यक्तिको निगरानी, जनसमुदायको स्वास्थ्य अवस्था, कर्मचारीको जोखिमता र कार्यालयको दैनिक कामकाजको प्रभावलाई ध्यानमा राखि तपसिलका कार्यहरु गर्ने निर्णय गरियो ।

तपसिल :

- हालसम्म करिव ७० जना भन्दा वढी Active Case देखिएकोले सम्भावित जोखिम न्युनिकरण गर्न कन्ट्याक्ट ट्रेसिङ गरि धेरै भन्दा धेरै व्यक्तिको एन्टिजिन परिक्षण गर्नुपर्ने देखिएको र गाउँपालिकामा किटको अभाव भएका कारण हाललाई २००(दुई सय) वटा एन्टिजिन किट विपद् व्यवस्थापन कोष वाट खर्च व्यहोर्ने गरि खरिद ईकाई संग समन्वय गरि खरिद गर्न स्वास्थ्य शाखालाई दिने ।
- कोभिडको संक्रमणको अवस्थामा अस्थायी कोभिड अस्पतालमा खटिाई सेवा प्रवाह गर्ने स्वास्थ्यकर्मी ( कार्यालय सहयोगि समेत) का लागि ५० प्रतिशत जोखिम भत्ताको व्यवस्था गर्ने ।

Scanned with CamScanner

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खलंगा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

- कोभिड पोजेटिभ देखिएका यस गाउँपालिका र वडाका कर्मचारीलाई निजको मेडिकल रिपोर्टको आधारमा बढीमा १४ दिनको कोभिड काज दिने ।
- अस्थायी कोरोना अस्पतालबाट अन्य अस्पतालमा कोभिडका बिरामीलाई रिफर गर्नुपर्ने अवस्थाका लागि तयारी अवस्थामा एम्बुलेन्सको व्यवस्था गर्न र सो को सम्झौताको लागि वडा नं ४ अध्यक्ष श्री कुमार श्रेष्ठ, प्रमुख प्रशासकीय अधिकृत श्री बालकृष्ण थापा र स्वास्थ्य संयोजक श्री पारश शाही लाई जिम्मा दिने।
- वर्तमान अवस्थामा कोरोना भाइरसको संक्रमण न्यूनिकरण र सावधानीका उपायहरु अवलम्बन गर्न गाउँबासीलाई सजग गराउने । यस गाउँपालिकाका सबै वडाले सचेतनामुलक सन्देश माईकिङ गर्ने र सो को सूचना स्वास्थ्य शाखाले सबै वडालाई उपलब्ध गराउने ।

**निर्णय नं ३ :** मल्लरानी गाउँपालिकाका विभिन्न वडाका लागि आ.व २०७८।०७९ मा तपसिलका योजनाहरु लुम्बिनी प्रदेश, भौतिक पूर्वाधार विकास मन्त्रालय, मुकाम बुटवलमा माग गर्ने निर्णय गरियो ।

| क्र.सं | योजनाको नाम | वडा नं |
|---|---|---|
| १. | चुंजाठाटी चुंजा मो वा स्तरोन्नती | वडा नं २ |
| २. | तुसारपानी खन्निखोला वडा कार्यालय खा.पा. | वडा नं २ |
| ३. | धुँवाखोला, घँगेरीवुटा, निशानटाकुरा लिफ्ट खा.पा | वडा नं ३ |
| ४. | गैराटोल देखि घुम्तिसम्म आर.सी.सी ढलान (मो.वा) | वडा नं ४ |
| ५. | कृष्ण मन्दिर निर्माण | वडा नं ४ |
| ६. | चेरनेटा खैरा कुमिकोट खलंगा मो बा स्तरोन्नती | वडा नं ५ |
| ७. | कुमिकोट पिपलनेटा कान्द्रखोला जोरपोखरी धुँदी वडाकार्यालय मो.वा स्तरोन्नती | वडा नं ५ |
| ८. | धुँदी लिफ्ट खा.पा निरन्तरता | वडा नं ५ |
| ९. | धुँदी सिचाई कुलो | वडा नं ५ |

**निर्णय नं ४ :** आर्थिक मामिला तथा योजना मन्त्रालय (वित्त व्यवस्थापन महाशाखा ) मुकाम बुटवलको च.नं १२६४, मिति २०७८।०१।१५ को प्राप्त पत्रानुसार समपूरक अनुदान आयोजना तथा कार्यक्रम प्रस्ताव माग गरिएकोमा यस मल्लरानी गाउँपालिकाका तपसिलका आयोजनाहरु आ.व २०७८।०७९ को लागि निम्नानुसारको लागत सहभागिता रहने गरि छनौट गरि प्रदेशमा पठाउने निर्णय गरियो ।

| क्र सं | योजनाको नाम | प्रदेश सरकारको रकम | गाउँपालिकाको रकम |
|---|---|---|---|
| १. | मर्कावाङ सोलहाल्ना मो.वा | ५० लाख | ५० लाख |
| २. | झिमरुक मल्लरानी लिफ्ट खा पा | ५० लाख | ५० लाख |
| ३. | झिमरुक झाँक्रिस्थान कात्रेखोला गुठकसेरी रोड | ५० लाख | ५० लाख |

**निर्णय नं ५ :**

- यस मल्लरानी गाउँपालिकाका संलग्न वमोजिमका योजनाहरुको अनुगमन प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।
- साथै फरफारक समितिले अन्तिम भुक्तानीका लागि सिफारिस गरेका संलग्न वमोजिमका योजनाहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

Scanned with CamScanner